# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर श्री अधिकारी आईएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागी भई स्वदेश फिर्ता

गभर्नर श्री महा प्रसाद अधिकारी २०७९ असोज २४ देखि ३० सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डि.सी.मा आयोजित IMF-World Bank को Annual Meetings 2022 मा सहभागी भई कात्तिक २ गते स्वदेश फर्कनु भयो । उक्त कार्यक्रममा १९० सदस्य राष्ट्रका केन्द्रीय बैंक तथा मौद्रिक अधिकारीहरूको सहभागिता रहेको थियो ।




सो Plenary बैठकमा Board of Governors का Chairman Hassan Abdalla, World Bank Group का President, David Malpass र IMF का Managing Director, Kristalina Georgieva ले सम्बोधन गर्दै विश्व अर्थतन्त्रमा देखिएका जोखिमहरू र यसको निराकरणको लागि विश्वले अपनाउनु पर्ने नीतिगत उपायकाबारे प्रकाश पार्नु भएको थियो ।

गभर्नर श्री अधिकारी 53rd Joint Governors' Meeting of IMF-WB South East Asia Constituency, IMF का Asia Pacific



माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा, गभर्नर श्री महा प्रसाद अधिकारी तथा अर्थ सचिव श्री कृष्णहरि पुष्कर बैठकमा सहभागी हुनुहुँदै ।



गभर्नर श्री अधिकारी भारतीय अर्थमन्त्री श्री निर्मला सितारमणसँगको अनौपचारिक भेटवार्ताको क्रममा




गभर्नर श्री अधिकारी आईएमएफका Deputy Managing Director Dr. Bo Li सँग भेटवार्ताको क्रममा

Department, Monetary and Capital Market Department (MCM) र अन्तर्राष्ट्रिय वित्त निगमका उच्च पदाधिकारीहरूसँगको बैठकमा सहभागी हुनुभएको थियो । उक्त अवसरमा आईएमएफका Deputy Managing Director Dr. Bo Li, Asia Pacific Department का पदाधिकारीहरू, Southeast Asia Voting Group (SEAVG) तथा MCM का पदाधिकारीहरूसँग ECF लगायत, नेपालको सम्बन्धमा भइरहेका कामहरू र भावी कार्यक्रमहरूको बारेमा छलफल भएको थियो । साथै, उहाँ सार्क मुलुकका गभर्नरहरूसँग सामूहिक Breakfast Meeting मा सहभागी हुनुभयो । उक्त कार्यक्रमको अवसरमा बङ्गलादेश बैंकका गभर्नर श्री अब्दुर रौफ तालुकदार, भारतीय रिजर्व बैंकका गभर्नर श्री शक्तिकान्त दास, माल्दिभ्स मनिटरी अथिरिटिका गभर्नर श्री अलि हसिम, स्टेट बैंक अफ पाकिस्तानका गभर्नर श्री जमिल अहमद र सेन्ट्रल बैंक अफ श्रीलंकाका गभर्नर डा. पि. नन्दलाल विरासिंघेसँग द्विपक्षीय रूपमा क्षेत्रीय अर्थ व्यवस्थाका बारेमा छलफल भएको थियो । त्यसैगरी गभर्नर अधिकारीज्यूले भारतीय अर्थमन्त्री श्री निर्मला सितारमणसँग पनि अनौपचारिक भेटवार्ता गर्नुभएको थियो ।



गभर्नर श्री अधिकारी भारतीय समकक्षी श्री शक्तिकान्त दाससँग भेटवार्ता गर्नुहुँदै



गभर्नर श्री अधिकारी सार्क क्षेत्रका गभर्नरहरू तथा उच्च पदस्थ कर्मचारीसँग

उक्त वार्षिक बैठकमा भाग लिन गभर्नरज्यूका साथमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ सहभागी हुनुभएको थियो ।

२०७९ कात्तिक ३ गते बिहीबार
गभर्नरको कार्यालय ।